नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्याः-०७९/८०
चलानी नं.:

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः२०७९।०४।१५
सूचना नं.-०४

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **आँप/लिचि जोन विकास कार्यक्रम** अन्तर्गतको कार्यक्षेत्रहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत इच्छुक कृषि समूह/कृषि सहकारी संस्था/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् (मिति२०७९।०५।१३ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइको कार्यालय स्याङ्जा वा जोन प्राविधिक एकाइ गल्याङ वा आँप/लिचि जोन सञ्चालन समन्वय समितिको कार्यालय चापाकोटमा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। सूचना कार्यालयको वेबसाइट **http://piusyangja.pmamp.gov.np/** मा र यस कार्यालयको सूचना पाटीमा समेत उपलब्ध छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | उन्नत प्रविधि सहित क्षेत्रविस्तार | ४२ हे. | ५० | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | आँप/लिचि विरुवा |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | १ | ५० | | |
| ३ | साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ८ | ८५ | | |
| ४ | कृषि उपज संकलन तथा भण्डारण केन्द्र निर्माण | २ | ८५ | | |

आवश्यक कागजातहरुः

१) कार्यक्रम मागको तोकिएको ढाँचामा निवेदन। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
२) समूह/सहकारी/समितिहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
३) सम्बन्धित सरकारी निकायमा नियमानुसार दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) प्रमाण-पत्रको प्रतिलिपि, अघिल्लो आ.व. को कर तिरेको रसिद वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि। (समूह/सहकारी/समितिको हकमा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन।)
४) कृषि उपज संकलन तथा भण्डारण केन्द्र निर्माण हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात (लालपुर्जा) को प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको जग्गा करार सम्झौतानामा पत्रको प्रतिलिपि।
५) साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार र कृषि उपज संकलन तथा भण्डारण केन्द्र निर्माणको लागि सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रको लागी कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकरण"